कमलबजार नगरपालिका, अछाम

# स्थानीय राजपत्र

खण्ड २) संख्या : २० प्रकाशित मिति : २०७७/०८/०१

## भाग २

कमलबजार नगरपालिका, अछाम

स्वीकृत मिति : २०७७/०६/२९

*नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कमलबजार नगरपालिका अछामको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।*

# स्वयमसेवक शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि २०७७

रोल न ......................................                .....................................

दरखास्त स्वीकृत गर्नेको दस्तखत

## परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरु

१. परीक्षार्थीले परीक्षामा सहभागी हुन प्रवेशपत्र अनिवार्य रुपमा ल्याउनुपर्ने छ अन्यथा परीक्षामा सहभागी हुन पाइने छैन ।

२. परीक्षा हलमा मोवाइल फोन प्रयोग गर्न पाइने छैन ।

३. परीक्षामा अनिवार्य रुपमा कालो मसिको प्रयोग गर्नुपर्ने छ ।

४. परीक्षा भवनमा समयमै आइपुग्नुपर्ने र परीक्षा समाप्त भएपछी मात्र परीक्षा हल छोड्न पाइने छ ।

५. परीक्षामा कापी किताव कागज चिट आदि लैजान पाइने छैन तथा कुराकानी संकेत र संकास्पद गतिविधि गर्न पाइने छैन ।

६. परीक्षाको मर्यादा विग्रने गरी कुनै अनुचित काम गरेमा प्रचलित कानुनबमोजिम कारवाही गरिने छ ।

७. अन्तर्वार्तामा समेत अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनुपर्ने छ ।



# स्वयमसेवक शिक्षक छनौट तथा व्यवस्थापन कार्यविधि २०७७

नगरकार्यपालिकाबाट स्वीकृत मिति २०७७/०६/२९

## कमलबजार नगरकार्यपालिको कार्यालय
## कमलबजार अछाम

## प्रस्तावना

सामुदायिक विद्यालयमा शिक्षक दरवन्दी न्युन भइ लामो समयदेखि पठनपाठनमा आइरहेको बाधाव्यवधानलाई हटाउने उद्देश्यले कमलबजार नगरकार्यपालिकाको निर्णय अनुसार निर्धारण गरिएको स्वयमसेवक शिक्षक अनुदान कोटामा योग्य सक्षम शिक्षक छनोट गर्न र शिक्षक छनोट प्रक्रियालाई व्यवस्थित, मर्यादित एवम स्तरीय बनाउन बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी कमलबजार नगरकार्यपालिकाले स्वयमसेवक शिक्षक छनोट कार्यविधी पारित गरेको हो ।

### परिच्छेद (१)

### प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :(१) यस कार्यविधिको नाम स्वयमसेवक शिक्षक छनोट तथा व्यवस्थापन कार्यविधी २०७७ रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२.परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

(क) समिति भन्नाले दफा ४ को उपदफा १ बमोजिम गठन भएको स्वयमसेवक शिक्षक छनौट समिति सम्झनुपर्छ ।

(ख) स्वयमसेवक शिक्षक भन्नाले यस कार्यविधि बमोजिम छनौट र नियुक्त भएका शिक्षक सम्झनु पर्छ ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले कमलबजार नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत वा सो पदको जिम्मेवारी तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(घ) विद्यालय व्यवस्थापन समिति भन्नाले सम्बन्धित विद्यालय व्यवस्थापन



१४.बाधा अड्काउ हटाउने अधिकारः यस कार्यविधिको कार्यान्यनमा कुनै बाधा व्यवधान आइपरेमा बाधा अड्काउ फुकाउन नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्ने छ ।

१५.संशोधन र खारेजीः यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक प्रक्रिया पुरा गरी संसोधन वा खारेज गर्न सक्ने छ ।

### अनुसूची १ स्वयमसेवक शिक्षक प्रवेश पत्रको ढाँचा

### (दफा ७ को खण्ड ग सँग सम्वन्धित)

विद्यालयको नामः ................................................

विज्ञापन नः.........................................................

तहः ...................................................................

विषयः..................................................................

| हालसालै खिचेको पासपोट साइजको फोटो र फोटोमा पर्ने गरी उमेदवार र दरखास्त स्वीकृत गर्नेको दस्तखत अनिवार्य गर्नुपर्ने |
|---|

दरखास्त दस्तुररु : ........................................................................

उमेदवारको नाम थरः ..................................................................

स्थायी ठेगानाः..........................................................................

मोवाइल नः .............................................................................

सम्वन्धित विद्यालयमा कार्यरत भए

नियुक्ति मितिः ...........................................................................

तहः..........................................................................................

विषयः......................................................................................

सेवा अवधिः ..............................................................................

उमेदवारको दस्तखतः...................................................................

मिति ................................................मा कमलबजार नगकार्यपालिकाको कार्यालय परिसरमा सञ्चालन हुने स्वयमसेवक शिक्षक छनोट परीक्षामा सम्मिलित हुन तपाइलाई यो प्रवेशपत्र दिइएको छ । रित नपुगेको देखिएमा जुनसुकै समयमा दरखास्त रद्द गर्न सकिने छ ।

(झ) नगर कार्यपालिकाबाट स्वीकृत यस कार्यविधिलाई शिक्षक छनौट समितिले पूर्ण रुपमा पालना गर्नुपर्ने छ ।

(ञ) परीक्षा सञ्चालनमा लाग्ने सम्पूर्ण खर्चको व्यवस्थापन सम्वन्धित विद्यालयले गर्नुपर्ने छ ।

(ट) विषय विज्ञद्वारा परीक्षा सुरु हुनुभन्दा १ घण्टा अगाडि परीक्षा सञ्चालन हुनेहलमा नै समितिको रोहवरमा प्रश्नपत्र निर्माण र सिलवन्दी गरिने छ ।

(ठ) प्रश्नपत्र निर्माण कार्य प्रारम्भ भएदेखि अन्तिम नतिजा प्रकाशनको काम समाप्त नभएसम्म सो कार्यमा संलग्न सबैले मोवाइल फोन प्रयोग गर्न पाउने छैनन र बाहिर भित्र गर्न पाउने छैनन ।

(ड) परीक्षार्थीलाई प्रश्नपत्र वितरणको कार्य नगरपालिकाको कर्मचारी प्रतिनिधिको रोहवरमा गरिने छ ।

(ढ) प्रश्नपत्र संगै उत्तरकुञ्जिका निर्माण गरी उत्तरकुञ्जिका अनुसारको परीक्षण परीक्षकले शिक्षक छनोट समितिको रोहवरमा गर्ने ।

(ण) वस्तुगत प्रश्नका उत्तर पुस्तिकाहरु परीक्षार्थीबाट सङ्कलन गरि सकेपछी सबै परीक्षार्थीका उत्तर नलेखिएका प्रश्नहरु पालिकाका कर्मचारी प्रतिनिधिको रोहवरमा रातोमसिले केरेपछी मात्र परिक्षकले परीक्षण कार्य प्रारम्भ गर्ने छन ।

(त) उत्तर पुस्तिकामा आफुलाई चिनाउने गरि कुनै संकेत गर्न पाइने छैन । संकेत गरिएको खण्डमा उत्तरपुस्तिका रद्द गरिने छ ।

## परिच्छेद (११)

## विविध

१२. यसै बमोजिम हुने तथा प्रचलित कानुन बमोजिम हुने : यस कार्य विधिमा उल्लेख भएका कुरा यसै बमोजिम हुने र अन्य कुराहरु शिक्षा ऐन २०२८ ( संसोधन सहित), शिक्षा नियमावली २०५९ (संसोधन सहित), शिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधन सहित) तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. बाझिएमा अमान्य हुने : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।



समिति सम्झनु पर्छ ।

(ङ) विषयविज्ञ भन्नाले दफा ४ को उपदफा १ को खण्ड ग बमोजिमको समितिको सदस्य सम्झनु पर्दछ ।

(च) कार्यपालिका भन्नाले कमलबजार नगरकार्यपालिका सम्झनु पर्दछ ।

(छ) शिक्षा अधिकृत भन्नाले नगरपालिकाको शिक्षा शाखा प्रमुख वा सो को

कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ ।

(ज) कार्यविधि भन्नाले स्वयमसेवक शिक्षक छनोट तथा व्यवस्थापन कार्यविधि

२०७७ लाई सम्झनु पर्छ ।

## परिच्छेद(२)

## कोटा निर्धारण

३. स्वयमसेवक शिक्षक कोटा निर्धारणः नगर कार्यपालिकले निश्चित मापदण्डका आधारमा प्राथमिक ,निम्नमाध्यमिक र माध्यमिक तहको स्वयमसेवक अनुदान कोटा सिर्जना गर्न सक्ने छ ।

## परिच्छेद (३)

## समितिको गठन

४.स्वयमसेवक शिक्षक छनोट समिति : (१) स्वयमसेवक शिक्षक नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछः-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो

समितिको सदस्य ( अध्यक्ष )

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी प्रतिनिधि -सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातकोत्तर

र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भए शिक्षा शास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरुमध्ये उपलब्ध भएसम्म एकजना महिला समेतको प्रतिनिधित्व हुने गरी व्यवरस्थापन समितिले मनोनित गरेको दुईजना -सदस्य

(घ) प्रधानाध्यापक (सदस्य सचिव)

(२)उपदफा १ को खण्ड ग को प्रयोजनका लागि नगरपालिकाको शिक्षा शाखाले विज्ञ सूची अद्यावधिक गरी राख्नु पर्नेछ ।

(३)उपदफा १ को खण्ड ग को माध्यमिक तहको विज्ञान, गणित,लेखा र कम्प्युटर विषयको शिक्षक छनौट प्रयोजनका लागि स्नातकोत्तर तह उत्तीर्ण गरेको व्यक्ति उपलव्ध हुन नसकेको खण्डमा स्नातक तह उत्तीर्ण ३ बर्ष सेवा अवधि पुगेको स्थायी शिक्षक सदस्यका रुपमा मनोनयन गर्नबाधा पर्ने छैन ।

## परिच्छेद (४)

## आवश्यक पर्ने योग्यता

५.विज्ञका लागि आवश्यक पर्ने योग्यताः विषय विज्ञका लागि देहाय बमोजिमको योग्यता आवश्यक पर्नेछः-

(क) सम्बन्धित तह र विषयको ३ बर्ष सेवा अवधि पुगेको स्थायी शिक्षक,

(ख) माध्यमिक तहका लागि शिक्षा शास्त्रमा स्नातकोतर तह र अन्य तहका लागि शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण गरेको,

(ग) खण्ड ख मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक तहको गणित,विज्ञान,लेखा र कम्प्युटर विषयको शिक्षक छनौट गर्न स्नातकोत्तर तह उत्तीर्ण गरेको व्यक्ति उपलव्ध हुन नसकेको खण्डमा माध्यमिक तहको ३ वर्ष सेवा अवधि पुगेको सम्वन्धित विषयको स्थायी शिक्षकलाई विषय विज्ञका रुपमा मनोनित गर्न बाधा पर्ने छैन ।



(घ) शिक्षक व्यवस्थापन सम्बन्धी संघ प्रदेश तथा स्थानीय सरकारबाट अर्को व्यवस्था भएमा सोही बमोजिम हुनेछ ।

## परिच्छेद ( १० )

## आचार संहिता

११.आचार संहिताः स्वयमसेवक शिक्षक छनौटमा खटिएका शिक्षक छनोट समितिका पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मीले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्ने छः-

(क) विभिन्न विद्यालयको संयुक्त रुपमा परीक्षा संचालन गर्नु परेमा प्रमुख प्रशासकीय अधिकृत ले परीक्षाको मर्यादा कायम हुनेगरी केन्द्राध्यक्ष र आवश्यक संख्यामा निरीक्षक तोक्न सक्ने छ ।

(ख) परीक्षामा खटिने समितिका पदाधिकारी,कर्मचारी,विषय विज्ञ सुरक्षाकर्मी लगायतले प्रचलित नियमानुसारको भत्ता पाउनेछन ।

(ग) परीक्षा भवन तथा परिसरमा खटाइएका कर्मचारी,सुरक्षाकर्मी, शिक्षक छनोट समितिका पदाधिकारी बाहेक अन्य कसैलाइ प्रवेश गर्न अनुमति दिइने छैन।

(घ) परीक्षा सञ्चालन हुनुपुर्व छनोट समितिको वैठक राखी परीक्षा सञ्चालन सम्वन्धी मापदण्ड र आचारसंहिता तयार गरी कार्यान्वयन सम्वन्धी अभिमुखिकरण गरिनेछ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी प्रतिनिधिको रोहवर मा उत्तरपुस्तिकामा कोडिङ डिकोडिङको काम गरिने तथा निजकै रोहवर मा परीक्षा केन्द्र हाताभित्र विषय विज्ञबाट उत्तरपुस्तिका परीक्षणको काम गरिनेछ।

(च) सम्वन्धित विद्यालयको शिक्षकलाई विषय विज्ञको रुपमा समावेश गरिने छैन ।

(छ) छनौट समितिका पदाधिकारी,विषय विज्ञ र उमेदवारका विचमा कानुनले तोके अनुसारको नजिकको नाता सम्वन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन ।

(ज) शिक्षक छनौट सम्बन्धी सम्पूर्ण निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्ने छ ।

(घ) मगज बिग्रेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(च) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाका लागि अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त गरिएको,

(छ) अध्यापन अनुमतिपत्र नलिएको,

(ज) तालिम नलिएको ।

तर देहायको अवस्थामा शिक्षक पदमा उमेदवार हुन देहाय बमोजिमको खण्ड ले

बाधा पुऱ्याएको मानिने छैन

(१) यो कार्यविधि कार्यान्यन हुँदाका बखत कम्तीमा ५ वर्षदेखि कार्यरत शिक्षकलाई यो कार्यविधि कार्यान्वयन भएपछी हुने पहिलो विज्ञापनमा उमेदवारहुन खण्ड ग ले,

(२) विज्ञान, गणित,अंग्रेजी,लेखा र कम्प्युटर विषयकाहकमा खण्ड छ र ज ले,

तर खण्ड छ र ज बमोजिमको योग्यता पुगेको उमेदवारको दरखास्त परेमा सोही खण्ड बमोजिमको योग्यता नपुगेको उमेदवारको दरखास्त स्वतः बदर हुने र योग्यता पुगेको उमेदवारलाई मात्र छनोट प्रक्रियामा समावेश गरिने छ ।

## परिच्छेद (९)

## सेवा सर्त तथा सुविधा

१०.स्वयमसेवक शिक्षकको सेवा सर्त तथा सुविधा : स्वयमसेवक शिक्षकको सेवा सर्त तथा सुविधा देहाय बमोजिम हुनेछः-

(क) शिक्षक छनोट समितिको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले बढिमा एक शैक्षिक सत्रका लागि स्वयमसेवक शिक्षक नियुक्ति गर्ने छ।

(ख) खण्ड क बमोजिम नियुक्त स्वयमसेवक शिक्षकको अभिलेख फाइल खडा गरी १५ दिन भित्र नगरपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

(ग) स्वयमसेवक शिक्षकको सेवा सर्त  तथा सुविधा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।



(घ) विषेश कारणले नगर पालिका भित्र बिज्ञ उपलव्ध हुन नसकेमा शिक्षा विकास तथा समन्वय ईकाईको बिज्ञ सूचिबाट बिज्ञ मनोनित गरि शिक्षक छनोट गर्न बाधा पर्ने छैन ।

## परिच्छेद (५)

## समितिको काम कर्तव्य र अधिकार

६.समितिको काम कर्तव्य र अधिकारः समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि र प्रचलित कानुनअनुसार मर्यादित ढंगले परीक्षा सञ्चालन गर्ने,

(ख) शिक्षक नियुक्तिका लागि आवश्यक प्रक्रिया पुरा गरी विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने,

(ग) शिक्षक छनोटका लागि आवश्यक पर्ने खर्च प्रचलित नम्स अनुसार गर्ने,

(घ) समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद (६)

## छनोट तथा परीक्षा सञ्चालन

७.छनोट तथा परीक्षा सञ्चालनः स्वयमसेवक शिक्षकको छनोट तथा परीक्षा सञ्चालन देहाय बमोजिम हुनेछः-

(क) स्वयमसेवक शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्वन्धित तह र विषयको लागि निर्धारण गरिएको पाठ्यक्रम र परीक्षा प्रणाली पूर्ण रुपमा उपयोग गरिनेछ ।

(ख) विद्यालयले कम्तिमा १५ दिने म्याद दिई विज्ञापनको सुचना प्रकाशन गरी स्थानीय सञ्चार माध्यम, नगरपालिका ,वडा कार्यालय, सम्वन्धित विद्यालय र सार्वजनिक स्थानमा सूचना टाँस गरी त्यसको भर्पाई, मुचुल्का उठाउनुपर्ने छ ।

(ग) उमेदवारले विज्ञापनका सम्पूर्ण सर्तहरु पुरा गरी शिक्षक सेवा आयोगले सम्वन्धित तहका लागि

तोकेको दस्तुर सहित अनुसुची (१) बमोजिमको ढाँचामा २ प्रति फाराम भरी सम्वन्धित विद्यालयमा दरखास्त दिनुपर्ने छ ।

(घ) विद्यालयले तोकिएको समयभित्र परेका दरखास्त उपर छानविन गरि रितपुगेको उमेदवारलाई प्रवेशपत्र दिनुपर्ने छ ।

(ङ) शिक्षक छनोट समितिले तोकेको मिति र समयमा नगरपालिका परिसरमा परीक्षा सञ्चालन गरिने छ।

(च) विद्यालय व्यवस्थापन समितिले नगरपालिकाको सुचिकृत विज्ञ सुची बाट गोलाप्रथाबाट विज्ञ छनोट गर्ने छ ।

(छ)तह र विषय मिल्ने देखिएमा एउटै प्रश्नपत्र प्रयोग गरी एकै समय र स्थानमा एकै दिन एकभन्दा बढी विद्यालयको परीक्षा सञ्चालन गर्न सकिने छ ।

(ज) अन्तरवार्तामा अनुभव वाफत अङ्क दिदा सम्वन्धित तह र विषयको निजीस्रोतका रुपमा कार्यरत रहेको प्रमाण पेश गरेमा शिक्षक सेवा आयोग नियमावली ( संसोधन सहित) मा भएको अनुभववाफत अङ्क प्रदान गर्ने व्यवस्था बमोजिमको अङ्क प्रदान गरिने छ ।

## परिच्छेद (७)

## स्वयमसेवक शिक्षकको योग्यता

८.स्वयमसेवक शिक्षकको योग्यता : स्वयमसेवक शिक्षकको लागि लिइने परीक्षामा उमेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछः-

(१) प्राथमिक तह

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(ख) शिक्षा बिषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको,

(ग) स्थायी अध्यापन अनुमतिपत्र लिएको,

(घ) नेपाली नागरिक ।



(२) निम्न माध्यमिक तह

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(ख) सामाजिक विषयका हकमा प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्णगरेको,

(ग) शिक्षा बिषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको,

(घ) स्थायी अध्यापन अनुमतिपत्र लिएको,

(ङ) नेपाली नागरिक

(३) माध्यमिक तह

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(ख) सामाजिक विषयका हकमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(ग) शिक्षा बिषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा स्नातकतह उत्तीर्ण गरेको,

(घ) स्थायी अध्यापन अनुमतिपत्र लिएको,

(ङ) नेपाली नागरिक

## परिच्छेद (८)

## स्वयमसेवक शिक्षकका लागि अयोग्यता

९.स्वयमसेवक शिक्षकका लागि अयोग्यताः देहायका व्यक्तिहरु स्वयमसेवक शिक्षक पदमा उमेदवार हुनमा लागि योग्य हुन सक्ने छैनन :-

(क) गैर नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) ४० वर्ष उमेर पुरा भएको,